# ओबी क्लिनिकमा एक घण्टा सुगर स्क्रिनिङ जाँच

## McCampbell Outpatient Care मा Ohio State Obstetrics and Gynecology

## यो परीक्षणको बारेमा

तपाईंलाई एक घण्टाको सुगर स्क्रिनिङ जाँच गरिनेछ। यो परीक्षणले गर्भवती हुँदा सुगर बढेको छ कि छैन भनेर जाँच गर्दछ, जसलाई गर्भावस्थाको मधुमेह भनिन्छ। यस क्लिनिकमा आउने सबै गर्भवती महिलाहरूको गर्भावस्थाको 6 देखि 7 महिनाको बीचमा सुगरको मात्रा जाँच गरिन्छ।

## जाँच गर्ने तरिका

यस जाँचको लागि, तपाईंलाई एउटा गुलियो तरल पदार्थ खान दिइनेछ। त्यो खाएपछि तपाईंले 1 घण्टा कुर्नुपर्छ र त्यसपछि मात्र तपाईंको सुगर जाँच्नको लागि रगत निकालिनेछ। रगत नकालेसम्म यो एक घण्टाको बीचमा तपाईंले केही पनि खान वा पिउन हुँदैन। साथै, यो बेला चुरोट नखानुहोला र चुइगम पनि नचपाउनुहोला।

यो एक घण्टाको समयमा तपाईं जाँच गर्ने कोठामा वा बाहिर प्रतिक्षा कक्षमा बस्नु पर्ने हुन्छ।

**तपाईंको जाँच __________________________ मा हुनेछ।**

कृपया तपाईंको पालो आउने बेला हुन लाग्यो भने त्यहाँ बस्ने स्टाफहरूलाई भनिदिनुहोला।

## जाँचको नतिजा

गर्भावस्थामा यो जाँच गर्दा ब्लड सुगर 134 वा सोभन्दा कम हुनुलाई सामान्य मानिन्छ। तपाईंको ब्लड सुगर 134 भन्दा बढी छ भने तपाईंलाई सम्पर्क गरिनेछ। तपाईंलाई गर्भावस्थाको मधुमेह छ कि छैन भनेर पक्का गर्न थप केही जाँचहरू गर्नु पर्ने हुन्छ।

**यो स्रोत सूचनात्मक उद्देश्यका लागि मात्र हो । तपाईंसँग तपाईंको हेरचाहका बारेमा कुनै प्रश्नहरू छन् भने आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोस्।**

थप शिक्षाको लागि, स्वास्थ्य जानकारीको पुस्तकालय (Library for Health Information) लाई 614-293-3707 वा health-info@osu.edu मा सम्पर्क गर्नुहोस्।

© 2008 - जनवरी 7, 2026, Ohio State University Wexner Medical Center

# One Hour Glucose Screening at the OB Clinic

Ohio State Obstetrics and Gynecology at McCampbell Outpatient Care

## About this test

You will have a test called a one hour glucose screening. This test checks for high blood sugar to screen for diabetes during pregnancy, called gestational diabetes. All pregnant people getting care at this clinic are checked for high blood sugar sometime between their 6th and 7th month of pregnancy.

## Having the test

For this test, you will be given a sweet drink. You must then wait 1 hour before a sample of your blood will be drawn to check your blood sugar level. You cannot have anything to eat or drink during this hour until your blood is drawn. Also, do not smoke or chew gum.

You will either wait in the exam room or the waiting area for this hour.

**Your test is to be done at ________________________.**

Please remind the staff when it is close to this time.

## Test results

Normal blood sugar during pregnancy is 134 or less for this test. If your blood sugar is more than 134 you will be contacted. You will need more testing to check if you have gestational diabetes.

**This resource is for informational purposes only. Talk to your healthcare provider if you have any questions about your care.**

For more education, contact the Library for Health Information at 614-293-3707 or health-info@osu.edu.

© 2008 – January 7, 2026, The Ohio State University Wexner Medical Center